जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २७५ २०८२ साल जेठ २४ गते शनिबार (7 June 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथा आरोहण-कीर्तिमानका ... ३ पृष्ठमा : सशस्त्र प्रहरीका गोताखोर ... ३ पृष्ठमा : जापानको चन्द्र अभियान ...

# डाकाको प्रतिकारमा उत्रिएका कन्तलालको गोलीका साथै घरेलु हतियार प्रयोग गरि हत्या, भाई गम्भिर



**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ।**

सप्तरीमा डाकाको प्रतिकारमा उत्रिएका एक व्यक्तिलाई गोली हान्नुका साथै घरेलु हतियारसमेत प्रयोग गरेर हत्या गरिएको छ।

जिल्लाको सुरुङ्गा नगरपालिका ८ मल्हनमा टोलमा बिहीबार मध्यराती १ बजेतिर डकैती गर्न आएका डाका समूह बिरुद्ध प्रतिकारमा उत्रेका घरपट्टी ५६ वर्षिय कन्तलाल चौधरीको हत्या गरिएको हो।

गोली र खुकुरी प्रहारबाट गम्भिर घाइते भएका ५६ वर्षिय चौधरीलाई उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषित गरेका थिए।

मध्यराती घर छेउमा भइरहेको हो-हल्ला सुनेर मृतकका काकाका छोरा ४० वर्षिय रमाकान्त चौधरी दाजुलाई जोगाउन खोज्दा डाका समूहले उनलाई पनि घरेलु हतियार प्रयोग गरेर गम्भिर घाइते बनाएका छन्। उनको हाल लहानस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी ढकेन्द्र खतिवडाले हतियारसहित आएका ५/६ जनाको डाका समूहले लुटपाट गर्दै गरेका बेला प्रतिकार गर्न खोज्दा कन्तलाललाई गोली र घरेलु हतियार प्रहार गरि हत्या गरिएको जनाएका छन्।

विद्युत गएको तथा चर्को गर्मीका कारण घरका एक महिला सदस्य बाहेक परिवारका अन्य सबै सदस्य आंगनमै सुतिरहेका बेला अचानक आइपुगेका डाका समूहले हतियार देखाउँदै घरधनीसँग दराजहरुको साँचो खोसेर लुटपाट सुरु गरेको सो वडाका अध्यक्ष श्यामदेव साहले बताए।

प्रहरीका अनुसार चौधरीको घरबाट ५ तोला सुनको गरगहना, २ किलो चाँदीका गरगहना, नगद ५५/६० हजार र अन्य केही सरसामान लुटपाट भएको छ। घटनास्थलबाट प्रहरीले एउटा गोली खोका र तीन वटा गोली समेत बरामद गरेको छ।

घटनाको खबर पाएपछी पुगेको प्रहरी टोलीले तालिम प्राप्त कुकुर समेतको प्रयोग गरि घटनाबारे अनुसन्धान गरिरहेको जनाएको छ।

यसैबीच सप्तरी जिल्ला बार इकाई मानव अधिकार तथा जन सरोकार समितिले घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ।

समितिका संयोजक दिलीप कुमार चौधरीद्वारा

*बाँकी तीन पृष्ठमा*

# परीक्षा दिन जाँदै गरेकी एक विद्यार्थीको ट्रयाक्टरको ठक्करबाट मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ।**

सप्तरीको महादेवा गाउँपालिका २ की १७ वर्षिया काजल कुमारी मण्डल शुक्रबार ट्रयाक्टरको ठक्करबाट मृत्यु भएकी छ।

घरबाट बिहान ९ बजेतिर विद्यालय हिडेकी उनको को.१त. ५४०१ नं. को ट्रयाक्टरको ठक्करबाट मृत्यु भएको हो। ठक्करबाट उनको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

तिलाठी कोइलाडी गाउँपालिकास्थित श्री लक्ष्मीवल्लभ नरिसिंह उमाविमा कक्षा ११ मा अध्ययनरत काजल परीक्षा दिन जाने क्रममा दुर्घटनामा परेकी हुन्।

दुर्घटनापछी ट्रयाक्टर चालक धनिया यादव भाग्न खोज्दा नियन्त्रणमा लिई स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

ठक्कर दिने ट्रयाक्टर र चालकलाई नियन्त्रणमा राखी अनुसन्धान भइरहेको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए। चालकमाथी सवारी ज्यान मुद्दा अन्तरगत कारवाही हुने उनको भनाई छ।

# वेपत्ता दुई मध्ये एक प्रहरीको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ।**

विपद्को तयारी अभ्यासका क्रममा सप्तकोशी नदीमा दुई दिनदेखी वेपत्ता रहेका दुई जना सशस्त्र प्रहरी मध्ये हरदेव राजवंशीको शव शुक्रबार बिहान फेला परेको छ।

बिहान घटनास्थलदेखि करिब तीन किलोमिटर तल स्थानीयले देखेपछि सशस्त्र प्रहरीलाई खबर प्राप्त भएको जनाएको छ। हरदेवको शव परीक्षण प्रक्रियाका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइएको छ।

राजवंशी श्रीअन्तु गण इलाम दरबन्दी भई दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरीमा र साउद १३ नं गण पर्सा दरबन्दी भई छिन्नमस्ता वाहिनी मुख्यालयमा कार्यरत थिए।

यस्तै अर्का सशस्त्र प्रहरी सुरज साउदको खोजतलास जारि रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# आज बकरिद पर्व

**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ।**

इस्लाम धर्मावलम्बीले मनाउने महान् चाड बकरिद (ईद उल अजहा) शनिबार मनाउने भएका छन्।

बकरिद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो। रमजान पर्वको ७०औं दिनमा मनाउने यो पर्वमा आर्थिक रूपमा सबल मानिस हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन्। यस पर्वमा अल्लाईलाई खुसी पार्न मुसलमानहरूले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बलि) दिने गर्दछन्।

धार्मिक मान्यताअनुसार अल्लाका नबी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेशलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यतालाई अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई मुसलमानले कायम राखेको पाइएको छ।

निःसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मन्नत (दुवा) मागेका थिए र भनेका थिए,

*बाँकी अन्तिम पृष्ठमा*

# प्रशासकीय र योजना अधिकृतलाई कारवाहीसहित विभिन्न ११ बुदे माग राख्दै कर्मचारी आन्दोलनमा



**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ।**

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र योजना अधिकृतलाई कारवाहीसहित विभिन्न ११ बुदे माग राख्दै आन्दोलनरत राजविराज नगरपालिकाका कर्मचारी शुक्रबार कामकाज ठप्प पार्दै धर्नामा बसेका छन्।

नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाई समिति राजविराज नगरपालिकाकी अध्यक्ष कल्पना देवको अगुवाईमा कर्मचारीहरु धर्नामा बसेका हुन्।

कर्मचारीहरु कामकाज छाडेर धर्नामा बसेपछी नगरपालिकाको कामकाज प्रभावित बन्न पुगेको छ। कर्मचारीहरुले कानुन सम्मत निर्णयलाई उल्टाएर मनमरी र एकलौटी ढंगले काम गर्ने प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण साह तथा योजना अधिकृत मनोज कुमार यादवलाई कारवाही तथा सरुवा गर्नुपर्ने प्रमुख माग उठाएका छन्।

यसअघि इकाई समितिले नगरपालिका प्रशासनलाई ११ बुदे मागसहितको ज्ञापनपत्र समेत बुझाएको थियो। तर, उक्त ज्ञापनपत्र उपर कुनै पहल नभएको भन्दै कर्मचारीहरुले धर्नामा बस्नु परेको बताएका छन्।

उनीहरुले १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक कुमार दासलाई कार्यपालिकाको निर्णय बगैर एकलौटी ढगले प्रमुख प्रशासकिय अधिकृत डा.साहले करार सम्झौता भंग गरेको निर्णय फिर्ता लिनु पर्ने, गत

*बाँकी अन्तिम पृष्ठमा*

## कर परामर्श सेवा केन्द्र

**राजविराज-४**

## कर्मचारी आवश्यकता

***दोश्रो पटक प्रकाशित***

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्रह) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्ना प्रमाण पत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ।

१. **पद** :- कम्प्युटर अपरेटर
२. **संख्या** :- १ एक
३. **योग्यता** :- वाणीज्य विषयमा न्युनत्तम +२ उतीर्ण भएको।
४. **पारिश्रमिक** :- आपसी सहमतिमा तय गरिने छ।
५. **परिक्षाको किसिम** :- प्रतियोगात्मक तथा अन्तरवार्ता।
६. **सम्पर्क नं.** :- ९८०१५३०५७७/९८०४७९८८०८

***नोट :- कम्प्युटरमा एकसल, ट्यालीमा दक्षता प्राप्त हुनु पर्ने छ।***

## सम्पादकीय ....

### सावधानीपूर्वक विपद्को पूर्वतयारी गरौं

वर्षाको सुरुवात सँगै विपद्को पूर्व तयार आवश्यक रहेको छ । त्यसमा पनि विपद्को पूर्व तयारी गर्दा निकै सावधानी आवश्यक छ । दुई दिनअघि मात्र विपद्को पूर्व तयारी गरिरहेको अवस्थामा दुई सशस्त्र प्रहरी नदीमा वेपत्ता भएका छन् । जसमध्ये एकको शव फेला परेको छ भने एक जना अझै वेपत्ता छन् । सप्तरी जिल्लामा वर्षाको मौसममा आउने बाढीका कारण निकै जनधनको क्षति हुने गरेको छ । जिल्लामा आउने विपद् मध्ये एक बाढी पनि हो । बाढीले गर्दा वर्षेनी करौडो रकमको जनधनको क्षति हुनुका साथै खेतीयोग्य जमिन समेत नष्ट हुने गरेको छ ।

अहिले जिल्लामा विपद् पूर्व बाढी, पहिरो, हावाहुरी लगायतको अभ्यास र तयारी हुने गरेको छ । जिल्लाका बाढी आउने मुख्य नदी खाँडो नदी हो । यस नदीमा आउने बाढी मानवबस्ती पस्नुका साथै खेतीयोग्य जमिन समेत नष्ट गर्ने गरेको छ । जिल्लाको रुपनी गाउँपालिकाबाट सुरु हुने खाँडो नदीले राजविराज, महादेवाहुँदै तिलाठी कोइलाडी गाउँपालिकामा गएर अन्त हुन्छ । बाढीले चार वटै पालिकामा क्षति पुऱ्याउने गर्दछ । यी चार वटै पालिकामा विपद् पूर्वको अभ्यास र तयारी आवश्यक छ ।

खाँडो नदीमा अहिले सतह भन्दा बढी बालुवा भरिएको छ । उक्त बालुवा निकाल्न पहल आवश्यक छ । यसका लागि चार वटै पालिका सक्रिया हुनु आवश्यक छ । तसर्थ बाढीबाट हुने क्षति न्युनिकरण तथा आवश्यक सतर्कताका लागि चारै वटै पालिका साथै सरोकारवाला निकाय गम्भिर रुपमा सावधानीपूर्वक लाग्नुपर्ने आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सगरमाथा आरोहण–कीर्तिमानका साथै जेनन ग्यासको पहिलो प्रयोग

**राजु सिलवाल**
काठमाडौँ, २३ जेठ (रासस) ।

यस पटकको वसन्त ऋतुमा हिमाल आरोहण गर्ने याम सम्पन्न भई आरोहण टोलीहरू आधार शिविरबाट फर्के पनि आरोहणको चर्चा अझै सेलाएको छैन । हिमाल चढ्ने क्रममा विभिन्न सहासी पर्वतारोहीले स्थापित गरेका नौला कीर्तिमानले विश्वलाई नै चकित बनाएको थियो । त्यससँगै सहज तथा छिटो हिमाल आरोहणका लागि पहिलोपटक प्रयोग गरिएको भेटिएको जेनन ग्यासको सन्दर्भ पनि कम महत्वपूर्ण रहेन । अब नेपाल सरकारले नै यसबारे टुङ्गो लगाउने भएको छ ।

**के हो जेनन ग्यासको सन्दर्भ ?**

विभिन्न अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी खेलाडीले कुनै शक्तिवर्द्धक प्रतिबन्धित औषधिको प्रयोग गरेको छ कि छैन भनी गरिने जाँच 'डोपिङ परीक्षण' कुनै नौलो होइन । पिसाब, रगत, पसिना आदिको नमूना परीक्षण गरी यस्तो जाँच गर्ने गरिएको छ । कैयौँ खेलाडीले जितिसकेको पदक पनि डोपिङ परीक्षणपछि खोसिएको उदाहरण छन् । सन् २००६ मा श्रीलङ्कामा आयोजित दक्षिण एसियाली खेलकुदमा नेपालले जितिसकेको दुईवटा स्वर्ण पदक डोपिङ परीक्षणमा खेलाडी असफल भएपछि खोसिएको थियो । यसैकारण नेपाली खेलाडीहरू लामो समय प्रतिबन्धमा समेत परेका थिए । नेपालको हिमालमा पनि पहिलोपटक यस्तै प्रयोग भएपछि विवादित भएको छ । बेलायतका चारजना पूर्वसैनिकको टोलीले हिमाल आरोहणका बेलामा त्यहाँको वातावरणसँग अभ्यस्त हुन उचाइमा गएर तल झर्दै गरिने अभ्यासै नगरी पाँच दिनमै सगरमाथाको सफल आरोहण गरेर फर्केपछि विवाद चुलिएको हो । आरोहीहरूलाई हिमालमा सहज हुन सहयोग गर्ने जेनन ग्यास उक्त आरोहण टोलीका सदस्यहरूले प्रयोग गरेका थिए । जेनन ग्यासले हिमाल आरोहणका क्रममा पर्वतारोहीहरूलाई बढी उचाइमा अभ्यस्त हुन र कम अक्सिजनको प्रभावलाई घटाउन सहयोग गर्दछ । यसको प्रयोगले बढी उचाइमा हुने गरेको दुखाइलाई कम गर्न पनि सहयोग गर्ने गर्दछ ।

जेनन ग्यासको प्रयोग भएको समाचार सार्वजनिक भएपछि यसबारे छानबिन हुनुपर्ने सम्बन्धित व्यवसायीहरूले माग गरेका छन् । लामो समयदेखि आरोहणमा संलग्न हुँदै आएका आरोहीहरूले समेत यसबारे अनभिज्ञता प्रकट गरेका छन् । यसपालि ३१औँ पटक सगरमाथाको शिखरमा पुगेका विश्व विख्यात आरोही कामिरिता शेर्पाले जेनन ग्यासको प्रयोगबारे आफूले पहिलोपटक सुनेको कुरा बताउनुभएको छ । यसैपटक १७औँ पटक सगरमाथाको शिखरमा पुग्न सफल आरोही फुर्वा तेन्जिङ शेर्पाले पनि जेनन ग्यास कस्तो हुन्छ आफूले अहिलेसम्म नदेखेको तथा यसको प्रयोग कसरी गरिन्छ थाहा नभएको जानकारी दिनुभयो ।

सगरमाथामा आरोहीले जेनन ग्यासको प्रयोग गरेको सम्बन्धमा नेपाल सरकारले पनि चासो देखाएको छ । सगरमाथामा सन् १९५३ देखि आरोहीहरूले लगातार सफलता पाउँदै आएको भए तापनि पहिलोपटक जेनन ग्यासको प्रयोग गरिएको जानकारी पाएपछि पर्यटन मन्त्रालयले यसबारे छानबिन गर्ने भएको हो । मन्त्रालयका अधिकारीले पर्वतारोहणसँग सम्बन्धित नेपाल पर्वतारोहण सङ्घ, नेपाल माउण्टेन एकेडेमी, सगरमाथा आरोही सङ्घजस्ता सङ्घसंस्थाका पदाधिकारीहरूसँग छलफल गरी जेनन ग्यासको प्रयोग मान्य हो कि होइन भनी नीतिगत निर्णय गर्ने पर्यटन विभागले जनाएको छ ।

**यसपालि कतिले सगरमाथा चढे ?**

वसन्त ऋतुमा विभिन्न मुलुकका ७२२ जनाले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको पर्यटन विभागले जनाएको छ । यसरी सफल आरोहण गर्नेहरूमा विभिन्न आरोहण टोलीका २८१ जना सदस्यहरू, ४३४ जना पथप्रदर्शकहरूका साथै सातजना सहयोगी शेर्पा रहेका छन् ।

**दुःखद् निधन :** यसपटक विभिन्न हिमालमा आरोहण गर्दा सात जनाको दुःखद निधन भएको थियो । यसैगरी, दुईजना हराइरहेका छन् । हिमालमा निधन भएकाहरूको शव सम्बन्धित मुलुकका अधिकारीहरूलाई हस्तान्तरण गर्ने कार्य भएको छ ।

**नेपाल आएका आरोहीहरू :** वसन्त ऋतुमा नेपालका विभिन्न २७ वटा हिमाल आरोहणका लागि ७३ वटा मुलुकका आरोहीहरू नेपाल आएका थिए । ती मुलुकका १२७ वटा आरोहण टोलीका एक हजार १६८ जनाले नेपाल सरकारबाट आरोहण अनुमति पाएका थिए । त्यसमध्ये ६७८ जना पुरुष तथा १९१ जना महिलाहरू थिए । आरोहण अनुमति पाएकाहरूमा सबैभन्दा बढी अमेरिकीहरू थिए । त्यसपछि चीन र भारतका आरोहीहरूको सङ्ख्या धेरै थियो ।

**सगरमाथा चढ्न अनुमति पाएकाहरू:** प्रत्येक वर्षको वसन्त ऋतुमा सगरमाथामा आरोहणका लागि चाप हुँदै आइरहेको छ । यसपटक विभिन्न ५७ देशका आरोहीहरू सगरमाथा आरोहणका लागि नेपालमा भेला भएका थिए । ४७ वटा आरोहण टोलीमा ४६८ ले सगरमाथा आरोहणको अनुमति पाएका थिए । यसमध्ये सबैभन्दा बढी अनुमति पाउनेहरूमा अमेरिकी थिए । त्यसपछि चीन र भारतका आरोहीहरूको सङ्ख्या बढी थियो ।

**कति राजस्व सङ्कलन भयो ?**

नेपालमा रहेका विभिन्न २७ वटा हिमालमा आरोहणका लागि विभिन्न मुलुकका पर्वतारोहण टोलीलाई आरोहण अनुमतिपत्र दिएबापत नेपाल सरकारले रु ७९ करोड ४७ लाख राजस्व सङ्कलन गरेको थियो । त्यसमध्ये सबैभन्दा बढी सगरमाथाबाट रु ६९ करोड १२ लाख सङ्कलन गरिएको थियो । आरोहण अनुमति दिइएका हिमालहरूमा सबैभन्दा कम एकजना पुरुष आरोहीले मात्र सार्फू चौथो हिमाल आरोहणका लागि अनुमति पाएका थिए ।

**नयाँ हिमाल आरोहणका लागि खुल्ला:** नेपाल सरकारले विभिन्न ५७ वटा थप हिमाल आरोहणका लागि खुल्ला गरेको थियो । ती हिमालहरू पाँचदेखि छ हजार मिटर उचाइका रहेका छन् । खुल्ला गरिएका हिमालहरू हुम्ला, डोल्पा, मुस्ताङ, दोलखा, रसुवा, सोलुखुम्बु, मुगु, गोरखा र ताप्लेजुङ जिल्लामा रहेका छन् ।

**सबैभन्दा धेरैपटक सगरमाथामा:** विश्व विख्यात आरोही कामिरिता शेर्पा केवल राष्ट्रिय आरोही मात्र नभएर सगरमाथाको विश्वव्यापी प्रतीकका रूपमा समेत स्थापित भइसक्नु भएको छ । इतिहासमै सबैभन्दा धेरै पटक सगरमाथामा सफल आरोहण गर्न सफल आरोही कामिरिता यसपालि जेठ १३ गते बिहान ४ बजे सगरमाथाको शिखरमा ३१औँ पटक पुग्नुभएको थियो । उहाँले विगत केही वर्षदेखि प्रत्येक वर्ष जसो सगरमाथामा सबैभन्दा धेरै पटक आरोहण गर्ने आरोहीको विश्व कीर्तिमान कायम गर्दै आइरहनुभएको छ । उहाँले यसअघि आठ हजार मिटरभन्दा अग्लो हिमालहरू ४५ पटक आरोहण गरिसक्नुभएको छ । भारतीय आर्मी एडभेन्चर विङ एभरेष्ट एक्सपिडिसनको सरदारका रूपमा यसपटक सगरमाथा जानुभएको शेर्पाले आफू मात्र शिखरमा नपुगेर टोलीका विभिन्न सदस्यहरूलाई आरोहण गर्ने कार्यको नेतृत्व गर्नुभएको थियो ।

कीर्तिमानी आरोही कामिरिता शेर्पाका अनुसार यसपालिको वसन्त ऋतुमा हिमाल चढ्न सजिलो मौसम थिएन । अप्रत्याशित मौसमका कारण तेज हावा चल्नाका साथै भारी हिउँ पर्नाका साथै कडा चिसो थियो । उहाँले धैर्य, तयारी र आफ्नो शेर्पा टोलीको बलले ठूलो समूहलाई शिखरमा सुरक्षित रूपमा जान र फिर्ता हुन मार्ग निर्देशन गरेको जानकारी दिनुभयो । धैर्य, विश्वास र सामूहिक कार्यले असम्भवलाई पनि सम्भव बनाउने कीर्तिमानधारी शेर्पाको विश्वास रहेको छ ।

**पासाङदावा पनि पछिपछि :** यस वर्ष दुईपटक सगरमाथा चढ्न सफल पासाङदावा शेर्पाले सगरमाथामा २९औँ सफलता प्राप्त गरेर कीर्तिमानी कामिरिता शेर्पालाई पछ्याइरहनु भएको छ । उहाँले पहिलोपटक सन् १९९८ मा सगरमाथा चढ्नु भएको थियो । यस क्रममा शेर्पाले विभिन्न समयमा एकै वर्ष दुईपटक समेत सगरमाथाको शिखर चुम्न सफल हुनुभएको थियो । विभिन्न हिमालमा आरोहण अनुभव बटुलिसक्नुभएका उहाँले आमादब्लम हिमाल ४० पटक चढिसक्नुभएको छ ।

**मिर्गौला प्रत्यारोपण गरेका पहिलो आरोही:** सगरमाथाको इतिहासमा पहिलोपटक मिर्गौला प्रत्यारोपण गर्नु भएका पेम्बा शेर्पालाई पनि सगरमाथामा सफलता मिलेको छ । सोलुखुम्बुको दूधकोशी गाउँपालिकाका शेर्पा वैदेशिक रोजगारीको सिलसिलामा जापानमा रहनुभएको थियो । बिदामा नेपाल आउने क्रममा उहाँको मिर्गौलामा समस्या देखिएको थियो । दुईवटै मिर्गौलाले काम नगरेपछि उहाँलाई प्रत्यारोपणका लागि आफ्नै बाबुले मिर्गौला दान दिनुभएको थियो । मिर्गौला प्रत्यारोपण गरेको २४ महिनापछि शेर्पाले छ हजार १९९ मिटर अग्लो लोबुचे हिमालको सफल आरोहण गर्नुभएको थियो । वैदेशिक रोजगारीका सिलसिलामा आर्जन गरेको रकम मिर्गौलाको उपचारमा खर्च गर्नुभएका शेर्पाले सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गर्न व्यक्तिगत खर्चसमेत गर्नु परेको थियो । अङ्ग प्रत्यारोपण गरेका व्यक्तिले अरू सरह सामान्य जीवन बिताउन सक्छन् भन्ने प्रवाह गर्नु नै आफ्नो मुख्य लक्ष्य रहेको उहाँको धारणा रहेको छ ।

**पन्ध्र दिनमा चारपटक सफलता:** सगरमाथा एकै पटक चढ्न पनि ज्यान जोखिममा राख्नुपर्दछ । आरोही तासी ग्याल्जेन शेर्पाले एउटै सिजनमा १५ दिनमा चारपटक सगरमाथा चढेर कीर्तिमान कायम गर्नुभएको छ । उहाँ यसपालि रोप फिक्सिङ टोलीको सदस्य भई सगरमाथामा जानुभएको थियो भने त्यसपछि केही दिनको फरकमा उहाँ चारचोटि शिखर पुग्न सफल हुनुभएको छ ।

**पूर्णिमालाई पाँचौँ सफलता :** सगरमाथामा पाँचपटक आरोहण गर्न सफल फोटो पत्रकार पूर्णिमा श्रेष्ठले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "अब हाम्रो पालो हो, केवल शिखरमा पुग्ने होइन, त्यो शिखरलाई जोगाउने पनि ।" सन् २०१८ मा पहिलोपटक सगरमाथामा सफलता प्राप्त गर्नुभएकी आरोही श्रेष्ठले गत वर्ष दुई हप्ताको समय अवधिमा तीनपटक सगरमाथा चढेर कीर्तिमान कायम गर्नुभएको थियो । उहाँले यो वर्ष सगरमाथामा सफलतालगत्तै अन्नपूर्ण प्रथम हिमाल पहिलोपटक आरोहण गर्नुभएका स्वर्गीय मौरिस हर्जोगको परिवारसँग अन्नपूर्ण प्रथम आधार शिविरसम्म पदयात्रा गर्न समेत भ्याउनुभयो । अन्नपूर्ण हिमालमा पहिलोपटक मानव पाइला पुगेको ७५ वर्ष पुगेको छ । पूर्णिमाले पनि सन् २०२१ मा अन्नपूर्ण प्रथम हिमालसहित आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल आरोहण गरिसक्नु भएको छ ।

**एकै परिवारको सफलता:** एउटै परिवारसँगै हिमालमा जानु त्यति सजिलो हुँदैन । विश्वको पाँचौँ अग्लो हिमाल मकालुमा एकै परिवारका चार दाजुभाइ र एक बहिनीले साथसाथै सफलता पाएका छन् । सङ्खुवासभाको एकै परिवारका आङदावा शेर्पा, मुक्तु लाक्पा शेर्पा, न्गिमा दोर्जी शेर्पा, पेचुम्बे शेर्पा र बहिनी पासाङ याङ्जी शेर्पाले एकै साथ चढेर पारिवारिक आरोहण अभियान सफलता प्राप्त गरेका छन् ।

सरकारले विगत वर्षहरू जस्तै सगरमाथाको आधार शिविरमा पर्वतारोहण अनुगमन तथा सहजीकरण कार्यालय खोलेर विभिन्न पर्वतारोहण दललाई कार्य सञ्चालनका लागि सहज बनाइदिएको थियो । मौसममा केही खराबी हुनुका साथै तीव्र हावा चले तापनि यसपालि सुरक्षित रूपमा आरोहण अभियानहरू सञ्चालन भएको तथा दुर्घटनाहरू कम भई मर्यादित तथा विवादरहित ढङ्गले आरोहण गतिविधि सञ्चालन भएको पर्यटन विभागले जनाएको छ । आगामी दिनमा आधार शिविरको अस्थायी फिल्ड अफिसलाई अझ सुविधासम्पन्न र व्यवस्थित बनाउन सके हजारौँ डलर तिरेर आरोहण अनुमति लिएका पर्वतारोहण टोलीहरूलाई अझ सुविधा प्रदान गर्न सकिन्थ्यो । हिमालबाट विश्वभर प्रवाह हुने सकारात्मक समाचारले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्न जाने अपेक्षा गर्न सकिन्छ । (लेखक पर्यटकीय पर्यटनका जानकार हुनुहुन्छ)

# सशस्त्र प्रहरीका गोताखोर बेपत्ता घटना : गृहमन्त्री लेखकद्वारा दुःख व्यक्त

काठमाडौँ, २३ जेठ (रासस) ।

गृहमन्त्री रमेश लेखकले सप्तरीस्थित सप्तकोशीमा सशस्त्र प्रहरी बल नेपालका दुई सशस्त्र प्रहरी जवान (गोताखोर) बेपत्ता घटनाबारे दुःख व्यक्त गर्नुभएको छ ।

शुक्रबार बिहान हल्चोकस्थित सशस्त्र प्रहरी प्रधान कार्यालय पुगेर गृहमन्त्री लेखकले उक्त घटना सम्बन्धमा विस्तृत जानकारी समेत लिनुभयो । उहाँले अभ्यासका क्रममा ज्यान गुमाएका राष्ट्रसेवकको शोकलाई शक्तिमा बदल्दै आगामी दिनमा थप सचेत र सुरक्षा अपनाउन जरुरी रहेको बताउनुभयो । “शोकलाई शक्तिमा बदल्दै थप सचेत भएर काम गर्न आग्रह छ,” गृहमन्त्री लेखकले भन्नुभयो, “खतराजन्य उद्धारमा खटिने जनशक्तिको जीवन बिमाबारे मन्त्रालयले थप कार्य गर्नेछ ।”

उहाँले खतराजन्य उद्धारमा खटिने प्रहरी कर्मचारीको बिमालगायत विषयमा थप बजेटका लागि मन्त्रालयले प्रयास गर्ने बताउनुभयो । उहाँले यसप्रकार घटना पुनरावृत्ति नहुने गरी सबै कुराको यथेष्ट ध्यान पुऱ्याएर गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ स्थित कोशी नदीमा बिहीबार अपराह्न मनसुनजन्य विपद्को पूर्वतयारी अभ्यास गर्ने क्रममा सशस्त्र प्रहरी जवान हरदेव राजवंशी र सुरज साउँद (गोताखोर) बेपत्ता भएका थिए ।

# सभापति देउवाद्वारा ‘मैथिली भवन’ उद्घाटन

जनकपुरधाम, २३ जेठ (रासस) ।

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले जनकपुरधाम धार्मिक र सांस्कृतिक हिसाबले महत्वपूर्ण रहेको उल्लेख गर्नुभएको छ ।

जनकपुरधाम-८ स्थित मैथिली विकास कोषले निर्माण गरेको नवनिर्मित मैथिली भवनको शुक्रबार यहाँ उद्घाटन गर्दै उहाँले गर्दै जनकपुरधामले नेपाल-भारतबीचको सम्बन्ध बढाउन पनि यसले भूमिका खेलेको उल्लेख गर्नुभयो ।

मधेस प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयको रु सात करोड ५० लाखमा निर्माण भएको उक्त भवन पाँच कठ्ठामा फैलिएको छ । एउटा सभाहलसहित भवनमा ३० वटा कोठा छन् ।

त्यस अवसरमा मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुर हाम्रो सभ्यता तथा संस्कृतिसँग परापूर्वकालदेखि जोडिएको उल्लेख गर्दै यसलाई धार्मिक पर्यटनसँग जोडनुपर्ने आवश्यकता औँल्याउनुभयो । मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोज यादवले यस संस्थाको उद्देश्य, पहिचान तथा गरिमा बढाउनका लागि मन्त्रालयले लगानी गरेको बताउनुभयो ।

पूर्वमन्त्री कृष्णप्रसाद सिटौलाले वर्तमान संविधानले नेपालका सबै जातजाति तथा समुदायलाई आफ्नो धर्म तथा संस्कृतिको पहिचान तथा संरक्षणको अधिकार दिएको स्मरण गर्नुभयो । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले मिथिलाको गरिमा तथा महत्व बढाउनका लागि सबैको सहयोग आवश्यक हुने धारणा व्यक्त गर्नुभयो ।

त्यस अवसरमा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, मधेस प्रदेशका पूर्वमन्त्री रामसरोज यादव तथा नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्णायादवलगायतको उपस्थिति थियो ।

# अमेरिकामा रहेका मधेसी समुदायले ‘मधेस पार्क’ बनाउने

अमेरिका, २३ जेठ (रासस) ।

अमेरिकामा रहेका मधेसी समुदायले मधेस पार्क बनाउन पहल सुरु गरेका छन् । मधेसी एशोसियन इन अमेरिकाको पहलमा मधेस पार्क निर्माण गर्न अभियान सुरु गरिएको हो ।

मधेसी एशोसियन इन अमेरिकाको भर्जिनियामा सम्पन्न चौथो महाधिवेशनमा पूर्वउपप्रधानमन्त्री तथा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले मधेस पार्कको योजनाको उद्घाटन गर्नुभएको छ ।

अमेरिकामा मधेसी समुदायको बसोबास बाक्लिँदै गएकाले मधेसी समुदायको पहिचान जोगाउन मधेस पार्क निर्माण गर्ने योजना बनाएको संस्थाका अध्यक्ष डा सङ्गीत रौनियारले बताउनुभयो ।

मधेस पार्क मधेसी समुदायको बसोबास, स्थानको सम्भावना र उपलब्धता, आर्थिक स्रोतका आधारमा कुन राज्यमा निर्माण गर्ने भनेर निर्णय गरिनेछ । अध्यक्ष रौनियारमा अनुसार मधेस पार्क मधेसी समुदायको सहभागिता र सहयोगमा निर्माण गरिनेछ ।

पार्कमा प्रवेश गर्ने जोकोहीले आफूलाई मधेस प्रदेशमा भएको अनुभूति गर्नेछन् । मधेस पार्क परिसरमा निर्माण गरिने भवनमा मधेसी कला संस्कृति, वेषभूषा, इतिहास झल्किने सामग्री तथा चित्र राखिने कार्य योजनामा उल्लेख गरिएको छ ।

### डाकाको प्रतिकारमा ...

शुक्रबार जारि विज्ञप्तिमा स्थानीय प्रशासनको फितलो शान्ति सुरक्षाका कारण अन्यत्र ठाउँमा यस्ता गम्भिर अपराधिक घटना दिनानुदिन भइरहेको आरोप लगाएका छन् ।

विज्ञप्तिमा घटनाप्रति दुःख व्यक्त गर्दै अपराधमा संलग्न अपराधिलाई पक्राउ गरि कानुनी कारवाहीका साथै स्थानीय प्रशासन एवं स्थानीय सरकारले आमजनताको जनधनको शान्ति सुरक्षा मानव अधिकारको रक्षा गर्न गम्भिर हुनुपर्ने उल्लेख छ ।


Madhesh Province Government
Ministry of Labour & Transport
**TRANSPORT MANAGEMENT OFFICE**
Rajbiraj, Saptary, Nepal

**Invitation Of Sealed Quatation for the Finishing Work**

First Date of Notice Publication B.S. 2082/02/24 (07/06/2025)

1. The Ministry of Labour & Transport, Transport management office Rajbiraj, Saptary invites Bid for the construction work as mentioned in the Table Below :

| S.N. | Contract No. | Name of The Project | Estimated Amount With VAT (NRS) | Bid Security Amount (NRS) | Non Return Fee for Bid |
|---|---|---|---|---|---|
| 1 | MP/TMOR/SQ/WORKS/01/2081/82 | **Finishing Work of Office Room** | **19,57,545.38** | 60,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Transport management office Rajbiraj, Saptary ***email address rajbirajyatayat@gmail.com***
3. A complete set of Bidding Documents may should deposit the cost of bidding document in the following account.

*Name of the Bank: Rastrya Banijya Bank, Rajbiraj*
*Name of Office:* Transport management office Rajbiraj, Saptary
*Office Code no. : 3710115012* *Office Account no.: 1000200010000*
*Rajaswa (revenue) Shirshak no. : 14229*

4 bids must be submitted before 16th for Bid day of 12:00 AM from the first date of notice Publication.
5 The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2082/03/08 (22/06/2025), 1:00 PM*** at the office of Transport management office Rajbiraj, Saptary Bids must be valid for a period 45 days for Bid after bid opening and must be accompanied by a bid security amounting to a mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6 If the Bid security shall be in the form of cash voucher that must be deposited in the bank Dharauti Khata No.:- 2180100202030000 of **Province Treasury unit office Lahan, Siraha** at Rastriya Banijaya Bank, Rajbiraj and submit the receipt of the deposited amount of cash along with bid.
7 Other informations are mentioned this office contact no.031590999,9842821264


## विश्व समाचार

# जापानको चन्द्र अभियान असफल

टोकियो, २३ जेठ (रासस/एएफपी) ।

शुक्रबार अन्तरिक्ष यानको अवतरण प्रयास विफल भएसँगै चन्द्रमामा पहिलो पटक ‘सकुशल अवतरण’ गर्ने जापानी निजी कम्पनी आइस्पेशको आशामा धक्का लागेको छ ।

टोकियोस्थित आइस्पेसले चन्द्रमाको सतहमा नियन्त्रित आगमन हासिल गर्ने तेस्रो निजी कम्पनी र संयुक्त राज्य अमेरिका बाहिरको पहिलो कम्पनीको रूपमा इतिहास रच्ने आशा गरेको थियो।

तर ‘हाल उपलब्ध तथ्याङ्कको आधारमा आइस्पेशको ल्याण्डरले सम्भवतः ‘हार्ड ल्यान्डिङ’ गरेको छ,” जापानी अन्तरिक्ष कार्यक्रम ( स्टार्टअप) जनाएको छ ।

“ल्यान्डरसँगको सम्पर्क पुनःस्थापित हुने सम्भावना कम छ”, आइस्पेसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “त्यसैले मिसनलाई रद्द गर्ने निर्णय गरिएको छ ।”

जापानका लागि अघिल्लो चन्द्र अभियानमा मिलेको असफलताको ठीक दुई वर्षपछि यो असफलता हात लागेको हो ।

कम्पनीको मानवरहित लचिलो अन्तरिक्ष यानले आफ्नो कठिन अन्तिम अवतरण सुरु गरेको थियो । “यसको मुख्य इन्जिनलाई सफलतापूर्वक प्रक्षेपण गरेको थियो,” आईस्पेसले शुक्रबार भनेको छ।

मिसन कन्ट्रोलले ल्यान्डरको अवस्था ‘लगभग ठाडो’ भएको पुष्टि गरेको थियो तर त्यसपछि लयाण्डरको मिसन कन्ट्रोलसँगको सम्पर्क टुटेको थियो ।

“प्राविधिक समस्याका कारण ल्यान्डरले चन्द्रमामा अवतरणका लागि आवश्यक गति हासिल गर्न पर्याप्त गति लिन सकेन,” आइस्पेसले भनेको छ ।

सोभियत सङ्घ, संयुक्त राज्य अमेरिका, चीन, भारत र हालै जापान गरी पाँच राष्ट्रले मात्र चन्द्रमामा सफ्ट ल्यान्डिङ गरेका छन् ।

अन्तरिक्षमा सस्तो र अधिक बारम्बार पहुँचको प्रतिज्ञा गर्दै आजभोलि निजी कम्पनीहरू यस दौडमा सामेल भइरहेका छन् ।

यात्रामा ‘रेजिलिएन्स ल्याण्डर’मा लक्जमबर्गमा निर्मित माइक्रो रोवर, टेनासियस, हाइड्रोजन र अक्सिजनमा अणुहरू विभाजन गर्ने हाइड्रो इलेक्ट्रोलाइजर र खाद्य उत्पादन प्रयोग गर्ने यन्त्रका साथै अन्तरिक्षको जटिल विकिरण परीक्षण यन्त्रसहितका उपकरणहरू थिए ।

रोभरले स्वीडेनका कलाकार मिकेल गेनबर्गले डिजाइन गरेको सानो मोडलको घर ‘मुनहाउस’ पनि बोकेको थियो ।

“दोस्रो प्रयास असफल भएको तथ्यलाई म गम्भीरताका साथ लिन्छु”, प्रमुख कार्यकारी अधिकृत ताकेशी हाकामादाले भन्नुभयो, “तर सबैभन्दा महत्त्वपूर्ण कुरा यो परिणामलाई भविष्यको अभियानहरूका लागि पाठका रूपमा लिइनेछ ।”

उहाँले अगाडि बढ्ने दृढ इच्छाशक्तिको वर्णन गर्दै थप्नुभयो, “हामीले के भयो सावधानीपूर्वक विश्लेषण गर्नुपर्दछ ।”गत वर्ष ह्युस्टनस्थित ‘इन्ट्युटिभ मेशिन’ चन्द्रमामा पुग्ने पहिलो निजी कम्पनी बनेको थियो ।

यद्यपि यसको मानवरहित ल्यान्डरले अनौठो कोणमा अवतरण गरेको थियो तर यसका बाबजुत परीक्षणहरू पूरा गर्न र फोटोहरू प्रसारण गर्न सफल भएको थियो ।

वासिङ्टनस्थित आइस्पेसको अमेरिकी शाखाले आयोजना गरेको वाच पार्टीसँगै शुक्रबारको प्रयासअघिको माहोल हर्षोल्लासपूर्ण थियो ।

सम्पर्क हराएपछि आईस्पेस प्रत्यक्ष प्रशारणका उद्घोषकहरूले एक सन्देशसहित हस्ताक्षर गरे जसमा भनिएको थियो, “कहिल्यै चन्द्र खोज नछोड्नुहोस् ।”

यस अभियानले चन्द्रमामा माटोका दुई वटा नमूना सङ्कलन गरेर नासालाई पाँच हजार अमेरिकी डलरमा बेच्ने लक्ष्य राखेको थियो ।

नमूनाहरू चन्द्रमामा रहने भएपनि प्रतीकात्मक लेनदेनको उद्देश्य खगोलीय पिण्डहरूमा व्यापारिक गतिविधिलाई अनुमति दिनु पर्दछ भन्ने अमेरिकी अडानलाई बलियो बनाउनको लागि हो ।

चन्द्रमामा अवतरण गर्नु अत्यन्त चुनौतीपूर्ण छ किनकि अन्तरिक्ष यानले चन्द्रमाको भू-भागमा आफ्नो अवतरणलाई ढिलो गर्न ठीक नियन्त्रित ‘थ्रस्टर बर्निङ’मा भर पर्नुपर्छ ।

चन्द्रमाको दक्षिणी ध्रुवको नजिक रहेको मोन्स माउटन पठार भनिने स्थानमा अवतरण गर्न डिजाइन गरिएको अन्तरिक्षयान एथेनाले सौर्य ऊर्जाबाट चल्ने ब्याट्रीलाई रिचार्ज गर्न नसकेपछि चन्द्रमामा अवतरण गर्ने ‘इन्ट्युटिभ मेशिन’को दोस्रो प्रयास मार्चको अन्त्यमा निराशामा समाप्त भएको थियो ।

# साउदी अरबमा हज समाप्त हुँदै जाँदा मुस्लिम तीर्थयात्रीहरूले ‘शैतानलाई ढुङ्गा’ हाने

मिना (साउदी अरब), २३ जेठ (रासस/एएफपी) ।

विश्वभरका मुस्लिमहरूले ईद अल-अधा बिदाको सुरुआत मनाउँदै गर्दा तीर्थयात्रीहरूले शुक्रबार हजको अन्तिम प्रमुख अनुष्ठान- ‘शैतानको ढुङ्गा प्रहार’ -गरिरहेका थिए ।

बिहान सुरु हुनुअघि देखिनै तीर्थयात्रामा भाग लिने १६ लाखभन्दा बढी मुस्लिमले पवित्र सहर मक्काको बाहिरी भागमा रहेको मिना उपत्यकामा शैतानको प्रतीक तीनवटा कङ्क्रिटको पर्खालमा प्रत्येकमा सातवटा ढुङ्गा हाने ।

छाया र चिसो तापक्रमको फाइदा उठाउँदै तीर्थयात्रीहरू बिहानै अघिनै मिनाको फराकिलो तम्बू सहरमा आफ्नो शिविर र आवासबाट बाहिर निस्केका थिए ।

यस अनुष्ठानले अब्राहामले तीनवटा स्थानमा शैतानलाई ढुङ्गा हानेर मारेको सम्झना गराउँछ जहाँ शैतानले उसलाई आफ्नो छोरालाई बलिदान गर्ने परमेश्वरको आदेश पालन गर्नबाट रोक्न खोजेको भनिएको छ ।

“मिनामा हाम्रो अनुभव सजिलो र सरल थियो । हामी भित्र प्रवेश गऱ्यौँ र पाँच मिनेटभित्रै हामीले ‘जमारत’ मा शैतानलाई ढुङ्गा हान्ने काम पूरा गऱ्यौँ”, इजिप्टका ३४ वर्षीय वाएल अहमद अब्देल कादरले बिहानै अनुष्ठान गरेपछि भन्नुभयो ।

गिनीकी तीर्थयात्री होवाकिताले मक्कामा ईद मनाउने सम्भावनाले उहाँलाई खुशीले भरिदिएको बताउनुभयो । “जब मैले ढुङ्गा हानेँ मैले सहज महसुस गरेँ । मलाई साँच्चै गर्व लाग्यो”, उहाँले भन्नुभयो ।

# विद्यालयका छात्राहरुलाई व्याग वितरण




**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

सिटिजन्स बैंक राजविराज शाखाले सामाजिक उत्तरदायित्व अन्तर्गत शुक्रबार विद्यालयका छात्राहरुलाई व्याग वितरण गरेको छ ।

बैंकले रुपनी गाउँपालिका ४ स्थित आधारभूत विद्यालय छपकी भथौलका ७० जना छात्राहरुलाई व्याग वितरण गरेको हो ।

कार्यक्रममा रुपनी गाउँपालिकाका शिक्षा शाखा प्रमुख वेदराज अधिकारीले राजविराजबाट आफ्नो गाउँपालिकाको विद्यालयमा सिटिजन्स बैंकले छात्राहरुलाई सहयोग गरेको प्रति आभार प्रकट गरे ।

यस्तै वडा नं. ४ का वडाध्यक्ष छेदी इसरले सिटिजन्स बैंक राजविराजले विद्यार्थीहरुको हौसला बढाएकोमा धन्यवाद दिदै केही दिन भित्रै विद्यालयका सबै बालबालिकाहरुलाई पोशाक वितरण गरिने जानकारी दिए ।

समाजबाटै स्थापित बैंकले समाजका लागि भूमिका निर्वाह गर्नुपर्ने लक्ष्य अनुसार छात्राहरुलाई शिक्षाप्रति प्रोत्साहन गर्न सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत छात्राहरुलाई व्याग वितरण गरिएको बैंकका प्रबन्धक राजकुमार यादवले बताए ।

कार्यक्रममा सिटिजन्स बैंकका कर्मचारीहरु शंकर कुमार साह, आमेन्द्र यादव र प्रशान्त देवको पनि उपस्थिति थियो ।

यसैबीच आधारभूत विद्यालयका प्रधानाध्यापक शिवनाराण यादवले टिकालगाई गम्छा ओढाएर बैंकका प्रवन्धक यादव सहित सबै कर्मचारीलाई सम्मान गरेका थिए ।

# अनुमति बिना संचालनमा रहेका दुई निजि विद्यालय बन्द



**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

सप्तरीमा बिना अनुमति संचालनमा रहेका दुई वटा निजि विद्यालय बन्द गराइएको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकामा संचालित बिना अनुमतिका दुई निजी विद्यालय बन्द गराइएको हो ।

जिल्ला शिक्षा समन्वय इकाईको अगुवाइमा शुक्रबार नगरपालिकाका प्रमुख बिरेन्द्र माझी, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत जितेन्द्र पासवानसहितको टोलीले दुई विद्यालय बन्द गराएको हो ।

नगरपालिकाको वडा नं. ५ स्थित आनन्द निजी शैक्षिक गुठी र वडा नं. ७ स्थित आरपी मेमोरियल स्कुल बन्द गराइएको छ ।

यी दुबै विद्यालयले कक्षा १ को अनुमति लिएर ८ कक्षासम्म संचालन गर्दै आएको पाइएको शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख शशी यादवले जानकारी दिए ।

उनका अनुसार उच्च अदालत जनकपुर, राजविराज इजलासले १९ बैशाखमा अनुमति पाएको भन्दा माथिल्लो कक्षामा भर्ना नगर्न अन्तरिम आदेश दिएपछि फैसला कार्यान्वयन गराउने क्रममा उक्त विद्यालयहरु सूचना टाँस गरेर बन्द गर्न लगाइएको छ ।

आगामी दिनमा अनुमति पाएको भन्दा बढी कक्षा संचालन गरे शिक्षा एन अनुसार थप कार्वाहीको भागिदार बन्ने भन्दै ती विद्यालय संचालकले सहीछाप समेत गरेको यादवले बताए ।

शिक्षा समन्वय प्रमुख यादवले अनुमति नपाएर पनि संचालन हुँदै आएको विद्यालयहरुलाई पटक पटक बन्द गर्न लिखित र मौखिक आग्रह गरिएपनि वेवास्ता गरिएकाले सूच्ना टाँस गर्दै बन्द गर्न थालिएको बताए ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुमति पाएको भन्दा माथिल्लो कक्षा संचालन गरेको पाइए कानुन बमोजिम कार्वाही गर्न निर्देशन दिएपछी अनुगमन टोलीले सक्रियता देखाएको छ । टोलीले थप अन्य विद्यालयहरुमा पनि अनुगमन गर्ने र अनुमति वगैर माथिल्लो कक्षा संचालन गरिएको पाए तत्कालै सूचना टाँस गरि बन्द गर्ने जनाएको छ ।

# मधेशमा छिट्टै कांग्रेस नेतृत्वमा सरकार बन्छ : सभापति देउवा

**दैनिक समाचारदाता**
**जनकपुर, २३ जेठ ।**

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मधेशमा छिट्टै कांग्रेस नेतृत्वमा सरकार बन्ने बताएका छन् ।

शुक्रबार पार्टीको मधेश प्रदेश कार्यालय जनकपुरधाममा पत्रकारहरूसँग कुरा गर्दै आलोपालोको सहमितअनुसार छिट्टै कांग्रेसको नेतृत्वमा सरकार बन्ने बताएका हुन् ।

सभापति देउवाले यस विषयमा अब चाँडै सत्ता सहयात्री दलसँग छलफल गरिनेसमेत बताए । "आलोपालो सरकार बनाउने कुरा हो, अब छिट्टै त्यस विषयमा कुराकानी हुन्छ, कांग्रेस नेतृत्वमा सरकार बन्छ", उनले भने ।

त्यस अवसरमा नेताहरू विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, महेन्द्र यादव, मधेश प्रदेश सभापति कृष्ण यादवलगायतको उपस्थिति थियो ।

# प्रेस मंचका पदाधिकारीहरुको पदस्थापन



**दैनिक समाचारदाता**
**राजविराज, २३ जेठ ।**

नेपाल प्रेस मंच सप्तरीका नवनिर्वाचित पदाधिकारीहरुको शुक्रबार पदस्थापन भएको छ ।

प्रेस मंचका निवर्तमान उपाध्यक्ष जितेन्द्र झाको अध्यक्षता तथा जसपा नेपालका केन्द्रिय प्रचार प्रसार विभागका उपप्रमुख शम्भु झाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विभिन्न वक्ताहरुले निर्वाचित पदाधिकारीहरुको सफल कार्यकालको शुभकामना दिएका थिए ।

सो अवसरमा प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण, प्रेस सेन्टरका अध्यक्ष बिन्दु यादव, प्रेस मंचका पूर्वअध्यक्ष बृजमान तामाङ, आमसंचार प्राधिकरण मधेश प्रदेशका सदस्य नवीन कुमार गुप्ता लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

मंचका नवनिर्वाचित अध्यक्ष धर्मपाल राउत, उपाध्यक्ष रुपेश यादव, सचिव प्रवेश मिश्र, सहसचिव रामशंकर भण्डारी, कोषाध्यक्ष तथा सदस्यहरु लगायतलाई मंचका केन्द्रिय उपमहासचिव बैधनाथ यादवले पद तथा गोपनियताको सपथ गराएका थिए भने प्रमुख अतिथि झाले प्रमाणपत्र प्रदान गरेका थिए ।

# 'मैथिली भाषा, साहित्य, संस्कृति र पहिचानको जगेर्नाका लागि मैथिली भवन महत्वपूर्ण'

धनुषा, २३ जेठ (रासस) ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मैथिली भाषा, साहित्य, संस्कृति र पहिचानको जगेर्नाका लागि मैथिली भवन महत्त्वपूर्ण साबित हुने विश्वास व्यक्त गर्नुभएको छ ।

मैथिली विकास कोषको जनकपुरधामस्थित नवनिर्मित 'मैथिली भवन' उद्घाटन कार्यक्रममा आज उहाँले मधेशको सांस्कृतिक समृद्धिका लागि यस कार्यले ठूलो योगदान पुग्ने अपेक्षा रहेको बताउनुभयो ।

मुख्यमन्त्री सिंहले जनकपुरधाममा निर्माण गरिएको उक्त भवनले सम्पूर्ण मधेश र मिथिला क्षेत्रको गौरव बढाउने विश्वास व्यक्त गर्नुभयो ।

उक्त भवन प्रदेश सरकारको रु सात करोड ५० लाखको लागतमा निर्माण भएको हो । मुख्यमन्त्री सिंहले महत्वाकाङ्क्षी परियोजना सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याउने सबै पक्षप्रति हार्दिक धन्यवादसमेत व्यक्त गर्नुभयो ।

## प्रशासकीय र योजना...

आ.ब.२०८०/०८१ मा वडा कार्यालयमा काम गरे वापत दैनिक ज्यालादारी कर्मचारीको बाँकी रहेको १६ दिनको तलब अविलम्ब भुक्तानी गर्नुपर्ने, कर्मचारीको दुर्घटना बिमाको व्यवस्था तथा निमित्त प्रमुख प्रशासकिय अधिकृत बरिष्ठतम कर्मचारीलाई मात्र दिनु पर्ने लगायतका माग अघि सारेका छन् ।

कर्मचारीहरुद्वारा घोषित आन्दोलन कार्यक्रम अनुसार जेठ २५ गते प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा तालाबन्दी तथा जेठ २८ गतेदेखी असार १ गते सम्म अतिआवश्यक सेवा बाहेक सबै कामकाज बन्द गरी धर्नामा वस्ने कार्यक्रम रहेको छ । त्यसपछी पनि माग सम्बोधन नभए दोश्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने ज्ञापनपत्रमा उल्लेख छ ।

## आज बकरिद ...

"यदि अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु ।" सोही अनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नुपर्छभन्दा उनले धेरै जनावर कुर्बानी त गरे तर अल्लाह खुसी भएका थिएनन् ।

अन्तिममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए । यस घडीमा उहाँको परीक्षण सफल साबित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो ।

कुर्बानीको मासु तीन भागमा लगाइ वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई एक आफ्ना इष्टमित्रलाई र अर्को भाग आफू खानुपर्ने धार्मिक मान्यता छ । यस पर्व मनाउनका लागि मुसलमान सबै किसिमका तयारीमा जुटेका छन् ।

इस्लाम धर्मअनुसार प्रत्येक वर्ष अर्बी क्यालेन्डरअनुसार १०/१० दिनपछि सर्दै जान्छ । त्यसले गर्दा ३६ वर्षको अवधिमा सबै चाडपर्व एक फन्को लगाइसक्छ ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

राजविराज नगरपालिका वडा नं. ४ (हाल ३) निवासी कुमारी प्रिया कर्णको भारतको कर्नाटक राज्यस्थित राजिव गान्धि युनिभरसिटी अफ हेल्थ साइन्सको सर्टिफिकेट नं. १७०४३ भएको माईग्रेशन सर्टिफिकेट २०७९ जेठ १० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१९९१७७७२ मा सम्पर्क गर्नुहोला ।

**नाम : कुमारी प्रिण कर्ण**
**ठेगाना : राजविराज ४, (हाल ३), सप्तरी**
**सर्टिफिकेट नं. : १७०४३**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*